नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिभुवन विमानस्थल भन्सार कार्यालय
गौचर, काठमाडौं

मिति २०७३।३।१७

**विषय:** ***यात्रुले सुनचाँदी तथा अन्य मालबस्तु ल्याउदा वा लैजाँदा पालना गर्नुपर्ने नियमका सम्बन्धमा जारी प्रेश विज्ञप्ति ।***

नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०७३ जेठ २५ गते राजपत्रमा प्रकाशित सूचना बमोजिम निजी गुण्टा, फिटि भारी सम्बन्धी साविकमा भएको व्यवस्थामा सुन चाँदी र मदिरा लगायतका केही विषयहरुमा २०७३ श्रावण १ गते (16 july 2016) देखि लागु हुने गरी परिवर्तन भएको छ। त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपाल आउने जाने यात्रुहरुमा प्रचलित कानूनी व्यवस्थाका सम्बन्धमा पर्याप्त जानकारी नहुँदा यात्रुजाँचपास तथा सहजीकरणको कार्यमा भईरहेको वा आउनसक्ने कठिनाईलाई मध्यनजर गर्दै सम्पूर्ण यात्रु तथा सरोकारवालाहरुलाई सुन चाँदी र मदिरा सम्बन्धी परिवर्तित नियम र अन्य केही महत्वपूर्ण व्यवस्थाका सम्बन्धमा जानकारी गराउने उद्देश्यले यो प्रेश विज्ञप्ति जारी गरिएको छ।

१) नेपाली वा बिदेशी कुनै पनि यात्रुले आगामी २०७३ श्रावण १ गते देखि काँचो सुन र काँचो चाँदी ल्याउन पूर्ण रुपमा प्रतिबन्ध लगाईएको छ। यस व्यवस्था विपरित कुनै पनि पनि यात्रुले काँचो सुन वा चाँदी ल्याएको भेटिएमा उक्त सुन चाँदी जफत (Seize) गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

२) तर, ५० ग्रामसम्मको सुनबाट बनेको गहना, ५०० ग्रामसम्मको चाँदीबाट बनेको गहना र १ लाख रुपैया सम्मको सुन वा चाँदीबाट बनेको जवाहरत जडित गहना आफुसाथ लिई आएका नेपाली यात्रुहरुले भन्सार महशुल नतिरी ल्याउन पाउने छन्। यस परिमाण भन्दा बढीको गहना लिई आएमा सम्पूर्ण गहना जफत गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ।

३) यस अघि ५० ग्राम सम्म काँचो सुन र ५०० ग्रामसम्म काँचो चाँदी महशुल नतिरी ल्याउन पाउने व्यवस्था रहेकोमा हाल यो व्यवस्था खारेज गरिएको छ। यसैगरी ६ महिना भन्दा कम बिदेशमा बसी आउने नेपाली यात्रुले ४०० ग्रामसम्म सुन तथा सुनको गहना र ६ महिना भन्दा बढी बिदेशमा बसी आउने नेपाली यात्रुले ५०० ग्रामसम्म सुन तथा सुनको गहना तथा १००० ग्रामसम्म चाँदी तथा चाँदीको गहना तोकिए बमोजिमको महशुल बुझाई ल्याउन सक्ने सुविधा रहेको थियो, हाल यी व्यवस्था समेत खारेज गरिएको छ।

४) विदेश जाने नेपाली यात्रुहरुले अति आवश्यक कारणले ५० ग्राम भन्दा बढी परिमाणको सुनको गहना र ५०० ग्राम भन्दा बढीको चाँदीको गहना आफुसाथ लैजानु परेमा नेपालमा खरिद गरेको प्यान नं. भएको बिल लगायतका प्रमाण संलग्न गरी गहनाको विस्तृत विवरण भएको लगत फारम भन्सार कार्यालमा पेश गर्नुपर्ने छ। भन्सार कार्यालयले पेश भएको फारम बमोजिम लैजान लागेका गहना दुरुस्त पाईएमा लगत राखी एक प्रति लगत पुर्जा उपलब्ध गराउने छ । सोही व्यक्ति पुन: नेपाल फर्कि आउदा भन्सार क्षेत्रमा सो लगत पुर्जा देखाएको खण्डमा लगत भिडेका गहनाहरु जाँचपास गरिने छ। लगत नभिडेका गहनाको हकमा माथि बुँदा नं २ मा उल्लेख भएबमोजिम हुनेछ।

५) कुनै पनि यात्रुले आफुसाथ लिई आएको १(एक) लिटर मदिरा महशुल नतिरी ल्याउन पाउने छ । तर, यो भन्दा बढी मदिरा कसैले लिई आएको पाईएमा सम्पूर्ण मदिरा जफत (Seize) गरी प्रचलित कानून बमोजिम कारवाही हुनेछ । यस अघि नेपाल आउने जुनसुकै यात्रुले १.१५ लिटर मदिरा ल्याउन पाउने व्यवस्था रहेकोमा सो व्यबस्था खारेज गरिएको छ ।

६) श्रम स्वीकृति लिई बैदेशिक रोजगारमा गई कम्तिमा लगातार १२ महिना भन्दा बढी बिदेशमा काम गरी फर्किएका नेपाली यात्रुले आफुसाथ लिई आएको ३२ ईन्चसम्मको एउटा टेलिभिजन एक पटकको लागि महशुल नतिरी ल्याउन पाउने छ । अन्य कुनै पनि यात्रुलाई यो सुविधा दिईएको छैन् ।

७) यात्रुले आफुसाथ एक थान टेलिभिजन ल्याउदा निम्नानुसारको महशुल बुझाउनु पर्ने छ ।

| सि.नं | टेलिभिजनको साईज | ६ महिना भन्दा कम बिदेशमा बसी आएका यात्रुका लागि | ६ महिना भन्दा बढी बिदेशमा बसी आएका यात्रुका लागि |
|---|---|---|---|
| १ | २२ ईन्च सम्म | प्रति ईन्च रु. २०० का दरले | प्रति ईन्च रु १५० का दरले |
| २ | २३ देखि २९ ईन्चसम्म | प्रति ईन्च रु. ३०० का दरले | प्रति ईन्च रु. २५० का दरले |
| ३ | ३० देखि ३२ ईन्चसम्म | प्रति ईन्च रु. ४५० का दरले | प्रति ईन्च रु. ४०० का दरले |
| ४ | ३३ देखि ३९ ईन्चसम्म | प्रति ईन्च रु. ५५० का दरले | प्रति ईन्च रु. ५०० का दरले |
| ५ | ४० देखि ४९ ईन्चसम्म | प्रति ईन्च रु. ६०० का दरले | प्रति ईन्च रु. ५५० का दरले |
| ६ | ५० ईन्च र सोभन्दा बढीको | प्रति ईन्च रु. १२५० का दरले | प्रति ईन्च रु. १२०० का दरले |

*नोटः यसका अतिरिक्त प्रत्येक टेलिभिजनमा रु ५६५ का दरले भन्सार सेवा शुल्क बुझाउनु पर्नेछ । तर, महशुल छुट पाउने टेलिभिजनको हकमा यो शुल्क लाग्ने छैन् । एकभन्दा बढी टेलिभिजन ल्याएको खण्डमा शत प्रतिशत थप महशुल असुल गरी जाँचपास गरिनेछ ।*

८) नेपाली वा विदेशी कुनै पनि यात्रुले अमेरिकी डलर ५००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी नगदै आफुसाथ लैजान पाउने छैन । यसैगरी, कसैले अमेरिकी डलर ५००० वा सो बराबरको अन्य परिवर्त्य विदेशी मुद्रा भन्दा बढी नगदै आफुसाथ लिई आउदा भन्सार अधिकृतसमक्ष घोषणा गरी प्रमाणित गराउनु पर्ने छ । यो व्यवस्था विपरित कसैले अमेरिकी डलर वा अन्य परिवर्त्य विदेशी मुद्रा ल्याउने वा लैजाने कार्य गरेमा प्रचलित कानून बमोजिम कारबाही हुनेछ । तर, भारतीय तथा नेपाली मुद्राको हकमा नेपाल राष्ट्र बैंकले तोके बमोजिम हुनेछ । **(नेपाल सरकार, अर्थ मन्त्रालयबाट मिति २०७१।१।१० मा राजपत्रमा प्रकाशित सूचना अनुसार** )

९) नेपालमा नियमित अन्तराष्ट्रिय उडान भर्ने प्रत्येक विमान कम्पनीले नेपाल आउने आफ्ना यात्रुलाई यस कार्यालयले निर्धारण गरेबमोजिमको भन्सार घोषणा फारम (Custom Decleration Form) उपलब्ध गराउनु पर्नेछ । यात्रुले उक्त फारम भरी भन्सार कार्यालयको सम्बन्धित डेस्कमा बुझाउनु पर्नेछ ।

१०) यात्रुले आफुसाथ ल्याउन वा लैजान पाउने मालबस्तुहरुसम्बन्धी प्राबधान समेटिएको निजी गुण्टा, झिटि भारी सम्बन्धी सूचना भन्सार बिभागको बेभसाईट www.customs.gov.np मा प्रकाशित गरिएको छ । यस सम्बन्धमा थप कुरा बुझ्नु परेमा भन्सार बिभागको फोन नं ९७७-१-४२५९८६१, १६६००१२१२२३ वा यस कार्यालयको फोन नं ९७७-१-४४७०३८२ मा फोन गर्न वा csd@customs.gov.np, tia@customs.gov.np मा ईमेल गर्नु हुन अनुरोध गरिन्छ ।

प्रमुख भन्सार प्रशासक